बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या.: ०७९।०८०

चलानी नं.:

नदिजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।८।११

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र प्रदेशको आर्थिक ऐन, २०७९ तथा नगर कार्यपालिकाको मिति २०७९।७।३० को निर्णय बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी बुद्धभूमि नगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम (कबोल अंकको) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 5/BM/REV/2079/80 | बेलगुडरुङ खोला (भस्कट १,१९,१८८ घन फिट समेत) | ४,९५,२९० | रु.३४,८५,५६८। | ५ प्रतिशत | रु.३०००। |
| २ | 6/BM/REV/2079/80 | गुडरुङ खोला | ५,५६,२०७ | रु.४४,४९,६५६। | ५ प्रतिशत | रु.३०००। |
| ३ | 7/BM/REV/2079/80 | कोन्द्रे खोला | ३,३०,५४६ | रु.२६,४४,३६८। | ५ प्रतिशत | रु.३०००। |
| ४ | 8/BM/REV/2079/80 | झिंगवा खोला | ६,३५,४१८ | रु.५०,८३,३४४। | ५ प्रतिशत | रु.३०००। |
| ५ | 9/BM/REV/2079/80 | अगिया खोला | ७,४९,०२५ | रु.५९,९२,२००। | ५ प्रतिशत | रु.३०००। |
| ६ | 10/BM/REV/2079/80 | घोघवा खोला | ३,७०,८०५ | रु.२९,६६,४४०। | ५ प्रतिशत | रु.३०००। |

रमेश गौतम

प्रमुख प्रशासकीय अधिकृत

Contact No.: 9857088111 "खुसी नगरवासी: समृद्ध बुद्धभूमी" Email: buddhabhumi.mun@gmail.com

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

<u>शर्तहरु :</u>

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा एनएमबी बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ०४४००५५९९७६०००१२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको <u>www.bolpatra.gov.np</u> बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एनएमबी बैंकमा रहेको धरौटी खाता नं. ०४४००५५९९७६०००४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको (बोलपत्र खोलेको मितिले) म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२ बजेभित्र विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको घरदैलोमा सूचना टाँस भएको वा पत्रिकामा सूचना प्रकाशन भएको वा इमेलमा सूचना पठाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड ) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदिहरुको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

७. कुनै पनि कारणले कर/शूल्क संकलनको काम सुचारु नभएको अवस्थामा कुनै किसिमको छुट मिनाह दावी गर्न पाइने छैन।

८. शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ।त्यसमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन। साथै प्रचलित कानुन बमोजिम तिर्नु पर्ने सम्पूर्ण करहरु ठेकेदार आफैले तिर्नु पर्नेछ।

९. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको सोहि परिमाणमा आर्थिक वर्ष २०७९/८० भित्र ठेकेदारले संकलित नदीजन्य पदार्थ सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ साथै मानवीय वा प्राकृतिक कारणले तोकिएको परिमाण भन्दा घटी भएमा कुनै क्षेतीपूर्ति दावी गर्न पाइने छैन। साथै IEE प्रतिवेदनमा उल्लेखित स्थानबाट मात्र संकलन गर्नुपर्ने छ र प्रारम्भिक बातावरण परीक्षण प्रतिवेदनमा उल्लेख भएको शर्तहरुको पालना गर्नुपर्ने छ।

१०. अनुगमन समितिले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

११. सुचनामा उल्लेख नभएको विषयहरुको हकमा प्रदेशको आर्थिक ऐन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

( नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website : www.buddhabhumimun.gov.np , सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा Public entity name: Buddhabhumi Municipality Office, Kapilbastu.राखी समेत हेर्न सकिनेछ। )

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत